प्रतिदिन पूरौं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं

सरकारी निकायले विज्ञापन गर्दाः

- सञ्चारमाध्यमको बीलको आधारमा भुक्तानी गरौं।
- विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चारमाध्यमको बीलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा मात्र भुक्तानी गरौं।
- भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१५ ।। अङ्क : २६९ ॥ २०८० मंसिर २२ गते शुक्रबार (8th Dec 2023 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-

पानी परेपछि चिसो बढ्यो इलाम र ताप्लेजुङमा हिमपात

झापा(प्रस) । हिउँदे मौसम लागेसंगै पहिलो पटक पानी परेपछि पूर्वी तराईमा चिसो बढेको छ । झापाका केही ठाउँमा बिहीवार हल्का वर्षा भएको हो । पानी परेपनि मौसम सफा भएको छैन । विभिन्न भागमा हुस्सु कुहिरो लागेको छ। कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका तराई भूभागमा आंशिकदेखि सामान्य बदली रहेको तथा थोरै स्थानमा हुस्सु लागेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

तराईका भैरहवा,सिमरा, जनकपुर, विराटनगरलगायतका स्थानमा बिहानदेखि हल्का हुस्सु लागेको थियो । सोको प्रभावले दैनिक जनजीवन, स्वास्थ्य, सडक तथा हवाई यातायातमा समेत आंशिक प्रभाव पर्न सक्ने सम्भावना रहेकोले आवश्यक सावधानी तथा सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ।

हाल नेपालमा पश्चिमी वायुको साथै भारतको छत्तिसगढमा अवस्थित निम्न चापिय क्षेत्रको आंशिक प्रभाव रहेको छ ।

उता लामो समयपछि वर्षात भएसँगै इलामको हिमाली भेगमा बाक्लो हिमपात भएको छ । चिसो बढेसंगै इलामको ३६३६ मिटरको उचाईमा रहेको सन्दकपुर गाउँपालिकाको पर्यटकीय स्थलहरु जौबारी, कालपोखरी, सन्दकपुरमा बाक्लो हिउँ परेको हो । हिउँ परेसंगै त्यस स्थानको जनजीवन प्रभावित बनेको छ ।

आफ्नो दैनिक कामकाजमा असर परेपनि किसान भने आफ्नो बालीनालीका सहयोग मिल्ने देखेर उत्साहित भएका छन् ।

साथै उक्त स्थानमा हिउँ खेल्नको लागि पर्यटकहरु जाने क्रम सुरू हुनेछ । कोशी प्रदेशको प्रमुख पर्यटकीय क्षेत्र सन्दकपुरमा वर्षात भएसँगै बिहीवार दिउँसोबाट हिमपात शुरु भएको पर्यटन व्यवसायी पसि सेर्पाले बताइन् । त्यस्तै ताप्लेजुङमा सामान्य वर्षासँगै जिल्लाका उच्च क्षेत्रमा हिमपात सुरु भएको छ । साँझ वर्षासँगै पाथीभरा मन्दिरसहितका उच्च क्षेत्रमा सामान्य हिमपात सुरु भएको स्थानीयले बताएका छन् ।

वर्षासँगै पाथीभरा मन्दिर क्षेत्रमा हिमपात भइरहेको पाथीभरा क्षेत्र विकास समितिका सदस्य पृथ्वी पालुंवाले बताए । पाथीभरामा यो वर्ष दोस्रो पटक हिमपात भएको हो । यसअघि कात्तिकमा सामान्य हिमपात भएको थियो । हिउँ पर्न सुरु भएसँगै पाथीभरा क्षेत्रमा चिसो बढेको पाथीभरा क्षेत्रमा काम गर्दै आएका राजेन्द्र महतले जानकारी दिए ।

जिल्लाका उच्च क्षेत्र घुन्सालगायत ठाउँमा सामान्य वर्षासंगै चिसो बढेको छ । हिउँद लागेयता सदरमुकामसहितका क्षेत्रमा सामान्य वर्षा हुँदा किसानलाई भने फाइदा पुगेको छ । वर्षाले हिउँदे बालीनालीमा सिँचाइ पुग्ने भएकाले किसानलाई फाइदा पुगेको हो ।

एनसेलको शेयर बिक्री रोक्न अन्तरिम आदेश

झापा(प्रस) । एनसेलको शेयर खरिदबिक्री रोक्न उच्च अदालत पाटनले अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । गोकुलबहादुर रोकायाले दायर गरेको रिट निवेदनमाथि सुनुवाइ गर्दै उच्च अदालत पाटनका न्यायाधीश पुरुषोत्तमप्रसाद ढकालको इजलासले कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरलगायतलाई एनसेलको शेयर बिक्री रोक्नका लागि अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।

उच्च अदालत पाटनले बिहीबार एनसेल खरिद-बिक्री सम्बन्धमा परेको रिटमाथि सुनुवाइ गर्दै अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।

अन्तरिम आदेशका लागि दुवै पक्षलाई उच्च अदालत पाटनले मंसिर २५ गते बोलाएको छ ।

अन्तरिम आदेशका लागि छलफलमा आउँदा एनसेलको खरिद-बिक्रीबारे भएका निर्णय पनि साथमा ल्याउन भनेको छ ।

यसैबीच सरकारले एनसेलको सेयर खरिद-बिक्रीका सम्बन्धमा छानबिन गर्न ५ सदस्यीय उच्चस्तरीय समिति गठन गरेको छ ।

बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले पूर्वमहालेखापरीक्षक टंकमणि शर्माको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारकी प्रवक्ता रेखा शर्माले जानकारी दिइन् ।मन्त्री शर्मा अनुसार समिति सदस्यहरूमा नेपाल सरकारका सचिव फणिन्द्र गौतम, सहसचिव बाबुराम भण्डारी, सहसचिव हृदयेशकुमार शाक्य, आइक्यानका अध्यक्ष सुजनकुमार काफ्ले रहेका छन् । समितिलाई ३० दिनको कार्यावधि दिइएको पनि मन्त्री शर्माले बताइन् ।

पक्राउ पुर्जीविरुद्ध तीन जिल्लामा प्रदर्शन

बिर्तामोड(प्रस)। नेपाल कम्युनिष्ट पार्टीका महासचिव विप्लव, प्रवक्ता प्रकाण्डलगायतका नेताहरुका नाममा अदालतले पक्राउ पुर्जी जारी गर्न दिएको आदेशविरुद्ध नेकपाले घोषणा गरेको चरणबद्ध आन्दोलनअन्तर्गत नेकपा मेची ब्युरोले झापा , इलाम र पाँचथरमा विरोध प्रदर्शन गरेको छ ।

घोषित आन्दोलन बिहीबार देशैभर पार्टी जनवर्गीय संगठन र सर्वसाधारणको उपस्थितिमा झापालगायत देशका विभिन्न जिल्लामा विरोध प्रदर्शन भएको हो । मेची ब्युरोअन्तर्गत झापाको बिर्तामोड, इलामको इलाम बजार र पाँचथर सदरमुकाममा विरोध प्रदर्शन गरेको पार्टीले जनाएको छ । नेकपाले पार्टी केन्द्रले घोषणा गरेको तीन दिने संघर्षका कार्यक्रमअन्तर्गत मंगलबार साँझ मशाल जुलुस प्रदर्शन र बुधवार न्यायाधीशको पुल्ला दहन कार्यक्रम सम्पन्न गरेको थियो ।

बिर्तामोडमा भएको प्रदर्शन तथा कोणसभालाई पार्टीका केन्द्रीय सदस्य तथा मेची व्युरो इन्चार्ज

सुमनसिंहले सम्बोधन गरेका थिए भने इलामको सभालाई पार्टीका केन्द्रीय सल्लाहकार समिति सदस्य होम सी र जिल्ला इन्चार्ज मौसमले सम्बोधन गरेका थिए । त्यस्तै पाँचथरको कार्यक्रमलाई जिल्ला इन्चार्ज सन्तोष सीले सम्बोधन गरेका थिए।

बिर्तामोडमा भएको सभालाई सम्बोधन गर्दै नेता सिंहले अदालतले ३ बुँदे सहमतिविपरित गैरकानूनी, अराजक ढंगले पक्राउ पुर्जी जारी गर्नुमा देशीविदेशी शक्ति लागिपरेको आरोप लगाउँदै हिम्मत भए मुखुण्डो उतारेर अगाडि आउन चेतावनी दिए ।

उनले हिजो यो देशमा राष्ट्रघात जनघात लगायत विभिन्न बेथितिहरुका विरुद्ध बलिदानीपूर्ण संघर्ष गर्ने पार्टी नेपाल कम्युनिस्ट पार्टी रहेको स्मरण गराउँदै कसैले नेपाल कम्युनिस्ट पार्टी र उसका नेताकार्यकर्तामाथि षड्यन्त्रको जाल फ्याँक्ने चेष्टा नगर्न चेतावनी दिए । उनले हिजो जनताका हरेक समस्यासँगै पार्टी रहेको र बैंक तथा वित्तीय संस्थाले गरेको गैरकानुनी हर्कतका विरुद्ध लड्ने पार्टी समेत नेपाल कम्युनिस्ट पार्टी भएको भन्दै देश र जनताको हकहितका लागि जस्तोसुकै संघर्ष गर्न तयार रहेको चेतावनी दिए।

। इलाममा भएको सभालाई सम्बोधन गर्दै नेताद्वय होम सी र मौसम सीले नेपाल सरकार र नेकपाबीच भएको ३ बुँदे राजनीतिक सहमतिविपरित विदेशी प्रतिगामी शक्तिहरुको निर्देशनमा अदालतले २०७६ सालको मुद्दा व्यूँताएर युद्धको निम्तो दिन खोजेको भन्दै प्रतिरोध गर्न सिंगो पार्टीपंक्ति तयार रहेको चेतावनी दिए। उनीहरुले आजसम्म नेकपाले उठाएका राष्ट्र, राष्ट्रियता, जनजीविका र वित्तीय ठगीका मुद्धा सतहमा आइसकेकाले पार्टीले आव्हान मात्र गर्दा पनि प्रतिगामी षड्यन्त्र ध्वस्त हुने भन्दै संघर्षरत पार्टीसँग निहुँ नखोज्न चेतावनी दिए।

पाँचथरको कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला इन्चार्ज सन्तोष सीले सरकारले तीन बुँदे राजनीतिक सहमति उल्लंघन गर्दै पक्राउ पुर्जी जारी गरेर देशमा द्वन्द्व निम्त्याउन खोजेको आरोप लगाए। सरकारले गरेको निर्णय केटाकेटीले खेलेको खेलजस्तो नभएर यसलाई गम्भीर ढंगले छलफल गरेर समस्या समाधान गर्न र नेपाल कम्युनिस्ट पार्टीसँग निहुँ खोज्ने काम नगर्न चेतावनी दिए। विरोध प्रदर्शनमा उपस्थित पार्टीका नेता कार्यकर्ताहरुले पक्राउ पुर्जी जारी गर्ने न्यायाधीश र अदालतकाविरुद्ध चर्का नाराबाजी गरेका थिए।

राजा न राष्ट्रपतिः सुकसरीहरु जहिल्यै पीडित

झापा(प्रस)।कचनकवल ६ बनियानीकी सुकसरी राजवंशी करिव पाँच किलोमिटर धाएर दाउरा खोज्न जलथल जंगल आउँछिन् । हप्ताको दुई दिन मंगलवार र शुक्रवार खुल्ला हुने दियालो सामुदायिक वनमा आउनैपर्ने उनको नियतिजस्तै बनिसकेको छ । उनका अघिल्लो पुस्ताले पनि जलथल जंगलबाटै दाउरा बोकेर खाना पकाउँथे । सुकसरीले पनि दाउरा नबोकी उनको भान्सै चल्दैन । करिव दुई दशकअघि त्यस क्षेत्रका सबैले जंगलबाट दाउरा लगेर खाना पकाउँथे । तर, अहिले अरु समुदायका मानिसहरु कमै आउँछन् । घर घरमा ग्यास चुलो , इन्डक्सन चुलोको प्रयोग छ । सुकसरीजस्ता आदिवासी महिलाहरुले दाउरा नबोकी धरै छैन । बिहान खाजा खाएर घरबाट साथीहरुसंग निस्केकी सुकसरी दिउँसो ४ बजेसम्म जंगलमै थिइन् । 'आज जंगल खुल्ला छ दुई ट्रिप दाउरा बोक्नु छ' असिनपसिन हुँदै उनले भनिन् । दियालो सामुदायिक वनले हप्ताको मंगलवार र शुक्रवार जंगल खुल्ला गर्ने गरेको वनका अध्यक्ष देउकुमार लिम्बूले बताए । जंगल पस्नका लागि प्रतिव्यक्ति २५ रुपैयाँ वन समितिले लिने गरेको उनले बताए ।

टाउकोमा करिव ४० किलोको दाउराको भारी बोकेर थाकेका सुकसरी र उनका साथीहरु बिसाइरहेका बेला दाउरा लगेर के गर्ने भनेर सोध्दा खाना पकाउन र धान उसिन्नका लागि दाउरा नभइनहुने उनीहरुले बताए । ग्यासमा खाना पकाउने आफूहरुको हैसियत नभएको उनीहरु दुखेसो सुनाए । कतिपयले जंगलबाट खोजेको दाउरा बिक्री गरेर गुजारा गर्नुपर्ने अबस्था रहेको सुकसरीले यथार्थ सुनाइन् । दियालो वनको अनुगमनमा गएको भद्रपुर नगर प्रमुख गणेश पाखरेललगायतको टोलीको अघिअघि सुकसरीहरु दाउराको भारी बोकेर गइरहेका थिए । उनीहरुको दुःख देखेर दियालो वनका सदस्य कृष्ण राई भन्दै थिए ' राजा गएपनि आएपनि, राष्ट्रपति रहेपनि नरहेपनि विचराहरुको दुःखका दिन कहिल्यै गएन । '

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्यास्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समयः दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समयः दैनिक सेवा

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समयः प्रत्येक महिनाको पहिलो शनिबार

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समयः दैनिक सेवा

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाशरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समयः प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समयः दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समयः दैनिक सेवा

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाशरोग तथा (युरिक एसिड), जोर्नी रोग
समयः प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-8, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

सासू र जेठाजुले गरिदिए बुहारीको कन्यादान

विराटनगर(प्रस) । सुनसरीको इटहरी उपमहानगरपालिका-४ का पुण्य पौडेल र उनकी आमा जानुकाले बुहारीको विवाह गरिदिएका छन् । बिहीबार ३४ वर्षीया सूजा पौडेलको कर्मघरबाट वैदिक परम्पराअनुसार कन्यादान गरी विवाह गरिएको हो । ०६९ सालमा पौडेल परिवारले झापाको बैगुन्धुराबाट सूजालाई बुहारी बनाएर भित्र्याएको थियो । जानुकाले भनिन्, "मेरी कान्छी बुहारीको रूपमा भित्र्याएकी उनलाई आज छोरीको रूपमा विवाहदान गरेर बिदाइ गर्दै ।"

जानुकाका कान्छा छोरा फडिन्द्र र सूजाबीच मागीविवाह भएको थियो । फडिन्द्रको ०७१ सालमा मृत्यु भएको थियो ।

सुनसरीको डुम्राहाका रमेश रेग्मीले प्रस्ताव गरेपछि आफूहरूले राजीखुसी विवाह गराइदिएको पुण्यले बताए । "बुहारीको माइती पक्षसँग पनि यस विषयमा छलफल भयो," उनले भने, "पारिवारिक सहमतिमै विवाह गर्ने निर्णयमा पुगेका हौं । भनेजस्तो परिवार र उस्तै विगत भएका जोडीले राम्रो गरिखान सक्छन् भन्ने अपेक्षासहित बुहारीको विवाह गरिदिएका हौं ।"

रेग्मीको पहिलो श्रीमतीको पनि दुई वर्षअघि मृत्यु भएको थियो । उनीतिरका एक छोरा र छोरी छन् । पौडेलकी पनि एक छोरी छिन् ।

रेग्मी सरकारी कर्मचारी हुन् । सूजा एनआईसी एसिया लघुवित्तमा कार्यरत छिन् । सूजाका बुवा कृष्ण खतिवडाले छोरी कर्मघरबाट बेहुली भई बिदा हुन पाउनु समाजका निम्ति उदाहरण भएको बताए ।

कर्मघरबाट छोरीका रूपमा बेहुली बनेर बिदाइ हुन पाउँदा गर्व लागेको सूजाले बताइन् । जीवनमा आइपरेका समस्या र त्यसको समाधानबारे धेरै सिकाइ भएको बताउँदै उनले भनिन्, "पौडेल परिवारबाट मैले छोरीकै माया पाएँ । अहिले यही घरबाट बुहारी भएर जान पाउँदा यो समाजका लागि पनि उदाहरण हो जस्तो लाग्छ ।" अब दुवैतिरका छोराछोरीलाई साथै राखेर आफूहरूले नयाँ जीवनको सुरुवात गर्ने उनले बताइन् ।

जुकेखाडी वनका उपभोक्ताको थाप्लोमा ६० लाख ऋण

झापा(प्रस)। झापाको अर्जुनधारा-३ मा रहेको जुकेखाडी सामुदायिक वनको आर्थिक बर्ष २०७९-८० मा कुल ऋण ६० लाखभन्दा माथि पुगेको छ । २८ औं साधारणसभामा सार्वजनिक विवरण अनुसार हालसम्म ६० लाखभन्दा माथि ऋण रहेको र केही महिनामा १ करोड नाघ्ने छ ।

बार्षिक ९ हजार ५ सय ८४ क्यूफिट कटान क्षमता भएपनि यस समूहमा लाखौं ऋणभार प्रत्येक बर्ष बढ्दै गएको देखिन्छ। तीन वर्षमा नेतृत्व हस्तान्तरण भई सामुदायिक वनमा नयाँ नेतृत्व चयन हुने व्यवस्था छ । निर्वाचनमा ऋणमुक्त सामुदायिक वन र कैदले पर्यापर्यटनको विकासलाई मुख्य प्राथमिकता राखी उम्मेदवारहरु नेतृत्वमा पुग्ने गर्छन्। तर, यस वनमा जो नेतृत्वमा आएपनि समूहको ऋण बढेकोमा जनस्तरमा आलोचना बढेको छ ।

गत आर्थिक वर्षमा बार्षिक ३ करोड ६० लाख ६८ हजार ९ सय ६८ रुपैयाँ आर्थिक कारोबार गरेको यस वन समूहमा ऋण प्रत्येक बर्ष बृद्धि हुँदै जानुमा मुख्य कारण सामुदायिक वनले प्रशासनिक कार्यसम्पादन गर्नका निम्ति २४ प्रतिशत उच्च व्याजदरमा साहुमहाजनबाट सापटी र ऋण लिएर कार्यालय संचालन गर्नु हो । त्यस्तै विभिन्न शिर्षकका भम्रण भत्तालगायतका खर्चहरु कटौती हुन नसकेको वन क्षेत्रका विज्ञहरुको दाबी छ ।

समूहको कार्यालय प्राङ्गणमा अध्यक्ष झरिन्द्रकुमार खड्काको अध्यक्षतामा आयोजित साधारणसभामा बोल्ने अधिकांश वक्ताले कैदले पर्यापर्यटनलाई गुरुयोजना निर्माणसहित साझा राजनीतिक संकल्प बनाई त्यस क्षेत्रको विकासमा जोड दिनुपर्ने औंल्याएका थिए ।

७ सय ४७ दशमलव ७० हेक्टर क्षेत्रफल रहेको र २१ सय १७ घरधुरीलाई समेटेको यस सामुदायिक वनमा वन पैदावरको आम्दानी पनि निकै रहेको समूहको प्रतिवेदनमा उल्लेख छ । यसरी, समूहको कूल ६० लाख ऋणलाई भाग लगाउँदा प्रतिउपभोक्ता दायित्व २८ सय ३५ रुपैयाँ हुन आउँछ ।

२८ औं साधारणसभामा प्रमुख अतिथि सामुदायिक वन उपभोक्ता महासंघ झापाका अध्यक्ष वेदप्रकाश भण्डारीले उद्घाटन गरेको कार्यक्रममा संविधानसभा सदस्य प्रेमबहादुर गिरी, अर्जुनधारा-३का वडाध्यक्ष सीताराम भट्टराई, निवर्तमान वडाध्यक्ष जीवन भण्डारी, नेकपा एमालेका अर्जुनधारा नगर उपाध्यक्ष लोकमान श्रेष्ठ, अर्जुनधारा नगरपालिका निवर्तमान उपमेयर कमला खतिवडा, नेकपा माओवादी केन्द्रका नारायण पौडेल, कनकाई सब-डिभिजन वन कार्यालयका प्रमुख नथुनी गहिवार यादव, उद्योग वाणिज्य संघ अर्जुनधाराका अध्यक्ष इन्दीर खड्काले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

अर्जुनधारा ६ का नागरिकलाई अब निःशुल्क रगत

झापा(प्रस)। झापा अर्जुनधारा- ६ का नागरिकहरुले अब निःशुल्क रगत पाउने भएका छन् ।

अर्जुनधारा नगरपालिका वडा नं.६ र नेपाल रेडक्रस सोसाइटी झापा शाखाबीच निःशुल्क रक्त आपूर्तिका लागि बिहीवार सम्झौता भएको हो । वडा कार्यालयका तर्फबाट वडाध्यक्ष हरिश्चन्द्र बास्तोला र रेडक्रसका तर्फबाट रेडक्रस सोसाइटीका कोषाध्यक्ष ओमप्रकाश गौतमले संझौतापत्रमा हस्ताक्षर गरेका छन् ।

अर्जुनधारा नगरपालिका वडा नं.६ भित्रका विपन्न, आर्थिक अवस्था कमजोर भएका, रगतको खर्च व्यहोर्न नसक्ने बासिन्दाहरुका लागि आकस्मिक अवस्थामा नगरभित्रको बासिन्दा भएको प्रमाणको प्रतिलिपि जस्तै (नागरिकता प्रमाणपत्र, सवारी चालक अनुमतिपत्र, मतदाता परिचयपत्र र राष्ट्रिय परिचयपत्र) पेश गरेको आधारमा रक्त संचार सेवा बिर्तामोडमार्फत विरामीलाई निःशुल्क रगत आपूर्ति गर्ने सहमति भएको रेडक्रस अर्जुनधारा उपशाखाका सचिव कमल पोखरेलले बताए ।

रक्तसंचार केन्द्रबाट विरामीलाई आवश्यक पर्ने समूह (ग्रुप) को रगत रेडक्रसबाट उपलब्ध गरिने र रगतको अभाव भएको अवस्थामा ताजा (फ्रेश) रगत र दुर्लभ समूहको रगत आवश्यक परेको सम्बन्धमा विरामी वा निजका आफन्तहरुबाट रगत व्यवस्थापन गर्नुपर्ने , त्यस अवस्थामा रगत खोज्ने कार्यमा रक्तसंचार केन्द्रको सहजीकरण तथा सहयोग रहने पोखरेलले जानकारी दिए । रगत आपूर्ति गरेवापत वडा कार्यालयले रेडक्रस सोसाईटीलाई एक लाख रुपैयाँ बुझाउनुपर्ने संझौतामा उल्लेख छ ।

विराटनगर आगलागीमा थप एक जनाको मृत्यु

झापा(प्रस) ।विराटनगरको सातघुम्तीस्थित कबाडी गोदाममा बुधबारको आगलागीमा घाइते भएकामध्ये थप एक जनाको मृत्यु भएको छ। योसँगै उक्त आगलागीबाट मृत्यु हुनेको संख्या तीन पुगेको छ। नेपाली सेनाको हेलिकोप्टरमा थप उपचारका लागि कीर्तिपुर बर्न सेन्टर लगिए पनि चिकित्सकले विराटनगर-६ की ६० वर्षीया सुशीला पासवानलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय, मोरङका प्रमुख एसपी दीपक पोखरेलले बताए ।

एसपी पोखरेलका अनुसार विराटनगर महानगरपालिका- ७ की ५५ वर्षीया रिता सरदार, वडा नम्बर-६ का ५८ वर्षीय किशोर पासवान र ३० वर्षीया पिंकी कामतको बर्न सेन्टरमा उपचार भइरहेको छ ।

आगलागीमा बुधबार विराटनगर-७ का ३० वर्षीय दीपक मण्डल र पहिचान नखुलेका थप एक गरी दुई जनाको मृत्यु भएको थियो ।

गौरीगञ्जमा ट्राफिक भवनको शिलान्यास

गौरीगञ्ज(प्रस)। गौरीगञ्ज गाउँपालिका वडा नं. ६ मा ट्राफिक भवनको शिलान्यास भएको छ । गौरीगञ्ज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशीले बिहीवार बिहान विधिवतरुपमा उक्त भवनको शिलान्यास गरेकी हुन् । गौरीगञ्ज गाउँपालिका वडा नं.६ स्थित नेपाल वैंक लिमिटेडको दक्षिणपट्टि १ कठ्ठा जग्गामा ट्राफिक भवन निर्माण हुन लागेको हो । शिलान्यास कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष पुजन न्यौपाने कुँवर, वडा अध्यक्षहरु वद्रीनारायण यादव, श्रवण गिरी, फेका गिरी, विजयसिंह गन्गाई, कार्यपालिका सदस्यहरु राधा अधिकारी, रमाकुमारी विक, उद्योग वाणिज्य संघ गौरीगञ्जका अध्यक्ष मखना महतो, नेपाल वैंक लिमिटेडका प्रवन्धक सञ्जय साहु, इलाका प्रहरी कार्यालय गौरीगञ्जका प्रहरी निरीक्षक अरविन्द साह, वडा सदस्यहरु, पार्टी प्रतिनिधि, व्यवसायी, बुद्धिजीवी, शिक्षकलगायतको उपस्थिति थियो । ट्राफिक कार्यालयको भवन निर्माण भएपछि गौरीगञ्ज क्षेत्रमा सवारी यातायातलाई व्यवस्थापन गर्न सहज हुने गौरीगञ्ज ट्राफिक इन्चार्ज शंकरप्रसाद यादवले बताए । भवन निर्माण समितिका अध्यक्ष मनोज दासको सभापतित्वमा सम्पन्न भवन शिलान्यास कार्यक्रमको सञ्चालन यादव रिजालले गरेका थिए ।

मिक्लाजुङ-५मा गर्भवती र अपांगलाई निःशुल्क एम्बुलेन्स सेवा

झापा(प्रस)। मोरङको मिक्लाजुङ- ५ धानखेतीकी सजना राईलाई केही दिन पहिला घरमै सुत्केरी व्यथा लाग्यो । अस्पताल लैजान उनका श्रीमान् कृष्ण र छिमेकी एम्बुलेन्सको खोजीमा जुटे । त्यो खबर वडाध्यक्ष मेघनाथ तामाङलाई पुग्यो । तामाङले वडा कार्यालय अगाडि पार्किङमा रहेको एम्बुलेन्स लिएर राईको घरमै पुगे अनि उनलाई चढाएर छिमेकी उर्लाबारीको मंगलबारेस्थित मदन भण्डारी ट्रमा सेन्टरमा सुत्केरी गराउन पठाए अनि एम्बुलेन्सको भाडा १५ सय रुपैयाँ पनि तिरिदिए ।वडाकै फूलमाया विश्वकर्मालाई सुत्केरी व्यथा लाग्दा पनि वडाध्यक्ष तामाङले उनलाई अस्पतालसम्म पुऱ्याउन आफैंले भाडा तिरेर एम्बुलेन्सको व्यवस्था गरिदिए ।

सुत्केरीलाई मात्र नभएर वडाध्यक्ष तामाङ आफनो वडाभरिका अपांगलाई पनि अस्पताल जानुपर्दा एम्बुलेन्सको व्यवस्था गरेर एम्बुलेन्स भाडा आफैं तिरिदिन्छन् । गत साउन महिनादेखि आफ्नो वडाका गर्भवती महिलालाई सुत्केरी गराउनका लागि अस्पताल लैजान र अपांगलाई उपचारका लागि अस्पताल जान तामाङले आफ्नो तर्फबाट निःशुल्क एम्बुलेन्सको व्यवस्था गर्दै आएका छन् । उनले एम्बुलेन्सको भाडा आफूले वडाबाट पाउने मासिक सेवा सुविधाको रकम खर्च गर्दै आएका छन् ।

पाँच महिनाको अवधिमा गाउँमा सुत्केरी भएका दुई महिला अस्पताल पुऱ्याउन तामाङले एम्बुलेन्सको व्यवस्था गरेका छन् । 'गाउँका हरेक गर्भवती महिला सुत्केरी हुन अस्पताल जानका लागि आफ्नो सेवा सुविधाबाट एम्बुलेन्सको व्यवस्था गर्ने घोषणा गरेको छु', तामाङले भने, 'मासिक १९ देखि २२ हजारसम्म वडा कार्यालयबाट सुविधा आउँछ । त्यो रकम गर्भवती र अपांगलाई अस्पताल पुऱ्याउन एम्बुलेन्स व्यवस्थाका लागि खर्च गर्दै आएको छु ।'

मिक्लाजुङ-५ बाट उर्लाबारीको मंगलबारेसहित दमक, बिर्तामोड, विराटनगर र धरानका अस्पताल जाँदा गर्भवती र अपांगका लागि पाँच महिनादेखि निःशुल्क एम्बुलेन्सको व्यवस्था गर्दै आएको उनले बताए । आगामी आर्थिक वर्षदेखि वडा कार्यालयकै कार्यक्रममा यो योजनालाई समावेश गर्ने उनको तयारी छ ।

वडाको स्वास्थ्य संस्थाबाट वडाभरि कति गर्भवती महिला छन् र उनीहरुको बच्चा जन्मिने महिनाको जानकारी तामाङले राखेका छन् । त्यहाँकी स्वास्थ्यकर्मी बबिता बस्नेत गर्भवतीको अवस्था र बच्चा जन्मिने समयका बारेमा तामाङलाई जानकारी दिन्छिन् । वडाभरि २७ जना अपांग छन । तीमध्ये १२ जनालाई अस्पताल जानुपर्दा निःशुल्क एम्बुलेन्सको व्यवस्था वडाध्यक्ष तामाङले गरिसकेका छन् । त्यति मात्र होइन, वडामा रहेका सबै अपांगको अवस्था बुझ्न उनले महिनाको हरेक १० गते अपांग र उनका परिवारजनलाई वडा कार्यालयमा बोलाएर उनीहरुको स्वास्थ्य अवस्थाका बारेमा छलफल गर्ने गरेका छन् ।

भद्रपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

हकदावी सम्बन्धी सूचना

प्रस्तुत विषयमा भद्रपुर नगरपालिका वा.नं. १० स्थित श्री राष्ट्रसेवक सहकारी संस्था लि.को नाममा दर्ता कायम रहेको साविक चन्द्रगढी ६ हाल भद्रपुर न.पा.वा.नं. १० को कि.नं. ३५८५ को ज.वि. ०-२-१५ जग्गामा साविक चन्द्रगढी गा.वि.स हुँदानै भवन निर्माण गरी हाल भवन नक्सा अभिलेखीकरण प्रमाण पत्र उपलब्ध गराई पाउँ भनी नक्सा सहित निवेदन पेश भई संधियारको नाममा सुचना प्रकाशित गरी स्थलगत सरजमिन बुझ्न जाँदा उत्तरतर्फको संधियार श्री ध्रुव वहादुर लावती सरजमिन स्थलमा अनुपस्थित हुनु भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को (क) वमोजिम दोस्रो पटक यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यस विषयमा तपाईको कुनै किसीमको दावि विरोध भए १५ दिन भित्रमा आफूलाई मर्का परेको विवरण खुलाई यस भद्रपुर नगरकार्यपालिकाको भवन नक्सा शाखामा आई उजुरी दिनु होला म्याद भित्र दावी विरोध नभए नियमानुसार भई जाने व्यहोरा जानकारी गराईन्छ ।

आशा ज्वेलर्स
भद्रपुर ८, सगरमाथा चोक
आकर्षक तथा राम्रो मोडलमा बिना रसायनको गरगहना बनाउनु परे हामीलाई सम्झनुहोस ।
विवाहका गरगहनामा आकर्षक अफर
विवाहका गरगहना बनाउँदा :
१ तोला सुन बराबर १० ग्राम चाँदी उपहार
१० तोला चाँदी बराबर ५ ग्राम चाँदी उपहार
प्रो. जितेन्द्र प्रसाद सोनार
सम्पर्क: ९८१७८५५१७२, ९८६४००८१५२

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

जातीय विभेद गर्नेलाई सबक

रुकुम पश्चिम जिल्ला अदालतले नवराज बिकसहित ६ जनाको हत्यामा संलग्न २४ जनालाई जन्मकैदको फैसला सुनाएकै दिन झापामा जातीय विभेद गरेको आरोपमा दुई महिला पक्राउ परेका छन् । जातीय विभेद गरेको आरोपमा झापा प्रहरीले दुई जनालाई करिव दुई महिनापछि मेचीनगरबाट पक्राउ गरेको छ ।

मेचीनगर–१० बस्ने ३६ वर्षीया रञ्जु विश्वकर्मा कडरियालाई जातीय विभेद गरेको आरोपमा प्रहरीले छिमेकी ४७ वर्षीया मैया दाहाल र ४९ वर्षीया सीता दाहाललाई मंगलबार पक्राउ गरेको हो ।

उनीहरूले जातीय भेदभावसहित अपमान गरेको भन्दै विश्वकर्माले गत असोज २४ गते इलाका प्रहरी कार्यालय धुलाबारीमा जाहेरी दिएकी थिइन् ।

उता रुकुम पश्चिम जिल्ला अदालतले मंगलबार नवराज बिकसहित ६ जनाको हत्यामा संलग्न २४ जनालाई जन्मकैद सजाय सुनाएको छ। न्यायाधीश खड्गबहादुर केसीको इजलासले आठ जनालाई भने सफाइ दिएको छ। यसैगरी नवराजकी प्रेमिका भनिएकी युवती, उनकी आमा र भाइलाई चाहिँ जातीय छुवाछूतको कसुरअन्तर्गत दुई वर्ष कैद सजाय र ५० हजार रूपैयाँ जरिवानाको फैसलासमेत भएको छ। सोही इजलासले मृतकका परिवारलाई दामासाहीले जनही ४० हजार रूपैयाँका दरले भराउने आदेशसमेत गरेको छ।

साढे ३ वर्षअघि रुकुम पश्चिमस्थित चौरजहारी नगरपालिकाको सोतीगाउँमा भएको घटनामा नवराजसहित ६ जनाको हत्या भएको थियो। कथित तल्लो जातको भएर माथिल्लो जातका ठानिने मल्ल युवतीसँग प्रेम गरेको आरोपमा नवराजमाथि युवतीपक्षले आक्रमण गरेका थिए। भाग्ने क्रममा लखेटी–लखेटी कुटपिट गरेपछि ६ जनाको मृत्यु भएको थियो। यही मुद्दाको टुंगोस्वरूप अदालतले मंगलबार यस्तो फैसला गरेको हो।

मुलुकका सबै क्षेत्र प्रदूषित हुने क्रममा पछिल्लो पटक न्यायालयले भने आशाका किरण देखाइरहेको छ । मुलुकको कानुनले गर्न नहुने ठानेका काम गर्दा स्वाभाविकरूपमा न्यायालयले निर्धक्क न्याय दिएको छ। यसले कानुनले बर्खिलाप गरेका काम नगर्नसमेत प्रेरित गर्नेछ। राज्यका सबै निकाय कमजोर रहेका बेला न्यायालयले कम्तिमा यो मुलुकमा न्याय नमरेको संकेत गरेको छ। कानुन विरुद्ध जाने जोसुकैका विरुद्ध यस्तै निर्मम आदेशको अपेक्षामा मुलुक छ। शक्तिशालीले न्याय हुन नदिने गरेको विगत अभ्यासमा यसले अवश्यै रोक लगाउने छ। त्यति मात्र होइन जातीय भेदभाव गर्न हुँदैन भन्ने सन्देश पनि यसले प्रष्ट रूपमा दिनेछ ।

महिलाको सबलीकरण

• न्हुंछेनारायण श्रेष्ठ

हरेक वर्ष २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म अन्तर्राष्ट्रिय अभियानका रूपमा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान विश्वभर नै मनाइने गरिन्छ । लैङ्गिक हिंसाविरुद्धको अभियानको यस वर्षको नारा 'लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता : महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' रहेको छ। नेपालमा विसं २०५४ देखि निरन्तर रूपमा लैङ्गिक हिंसाविरुद्धका विविध सचेतनामूलक कार्यक्रम गरी मनाउन थालिएको छ । हाम्रा समाजमा घट्ने महिला हिंसा अन्त्यका लागि प्रत्येक नागरिक, समाजसेवी, राजनीतिक दल, सरकारलगायतले लैङ्गिक हिंसा अन्त्यका लागि सुनिश्चितता व्यक्त गर्न सक्नु पर्छ । सरकारले महिला र बालबालिकाको क्षेत्रमा शिक्षा, स्वास्थ्य र रोजगारका पक्षमा लगानीको लागि ऐक्यबद्धता जाहेर गर्न कुनै कन्जुस्याइँ गर्नु हुँदैन । सरकारले नीति र कार्यक्रम बनाउँदादेखि नै महिला र बालबालिकालाई पहिलो प्राथमिकतामा राखेर अघि बढ्न सकेको खण्डमा देशले काँचुली फेर्ने कुरामा एकमत हुन सकिन्छ । महिला तथा बालबालिकाको मानव अधिकारको संरक्षण गर्न, उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने हक अधिकार सुनिश्चित गर्न तथा विकासको समान साझेदारको रूपमा स्थापित गरी लैङ्गिक समानता कायम गर्नका लागि महिलाविरुद्ध हुने १६ दिने अभियानलाई निरन्तरता दिनुपर्ने आवश्यकता छ ।

हाम्रो समाजमा रहेको अन्धविश्वासका कारण विभिन्न घटना दिनहुँ जसो घटी नै रहेका छन् । बोक्सीको आरोप, छाउपडी, दाइजो जस्ता कुप्रथालाई कानुनले निषेध गरिसकेको अवस्थामा समेत समाजमा हालसम्म पनि कुरीति, कुसंस्कारले गर्दा नेपाली महिला हिंसा, विभेद र अपमानका पीडा खपिरहेका छन् ।

संघीय सरकारका मन्त्रालय तथा निकायहरू, सात वटै प्रदेश सरकार, ७७ वटै जिल्ला समन्वय समिति, ७५३ स्थानीय तह एवं त्यसका वडाहरू, सरोकारवाला निकाय, विद्यालय, सामाजिक संघ संस्थाहरूले महिला हिंसाको १६ दिने अभियान भव्यताका साथ मनाउने क्रममा रहेकै बेला राजधानीलगायत विभिन्न स्थानमा महिलामाथि हुने हिंसाको खबर आइरहेका छन् । यस्ता घटनाका दोषीलाई नेपाल सरकारले त्यत्तिकै छोड्नु हुँदैन । घरेलु हिंसाका कारण राजधानीको माइतीघर मण्डलामा आमरण अनसन बसिरहेका महिला र बालबालिका आफैँ असुरक्षित भएर बसिरहेका छन् । यसतर्फ सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ ।

सरकारले महिला र बालबालिकाप्रति हुने हिंसा, दुर्व्यवहार न्यूनीकरणका लागि पाठ्यपुस्तक, सञ्चार माध्यमबाट विभिन्न किसिमका जनचेतनामूलक कार्यक्रम पर्याप्त मात्रामा गर्नुपर्ने आवश्यकता देखिन्छ । नेपालमा बर्सेनि महिला माथि हुने हिंसा, घरेलु हिंसा न्यूनीकरणका लागि सर्वप्रथम महिला स्वयम् जागरुक र चनाखो हुनु पर्छ । आफू अन्यायमा परे पनि आफ्नो श्रीमान् र समाजको इज्जत जान्छ भनेर चुप लागेर बस्ने परम्पराको अन्त्य हुनु आवश्यक छ । कानुनको अनभिज्ञता क्षम्य हुँदैन भने जस्तै चुप लागेर बस्नेलाई न्यायालयले न्याय दिन सक्दैन अतः आजैबाट महिला हिंसाको सशक्त रूपले विरोध गर्नुपर्ने अपरिहार्यता भइसकेको छ ।

यस वर्षको नारामा भनिए झैँ 'लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता : महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' नारा अनुसार घरबाटै महिला हिंसाको अन्त्यको सुनिश्चितता महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता घरघरबाट सुरु गर्नु पर्छ । स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले उचित वातावरण तयार गर्नु पर्छ भने यस्तो महत्वपूर्ण विषयमा सबै राजनीतिक दलहरूको ऐक्यबद्धता आवश्यकता पर्छ । यस्तो महत्वपूर्ण विषयमा राजनीतिक दलहरू तैँ चुप मैँ चुप भएर बस्नु राम्रो मान्न सकिँदैन । हामी सबै नारी शक्ति र बालबालिकाप्रति सबै कृतज्ञ हुनु पर्छ ।

सरकारले महिला हिंसाविरुद्धको अभियानमा विगतका वर्षदेखि नै विभिन्न प्रतिबद्धता र कार्यक्रम ल्याए पनि कार्यक्रम प्रभावकारी रूपमा लागु हुन नसक्नु र लक्षित वर्गको पहुँचमा नपुग्दा दिनहुँ जस्तो महिला हिंसा र बालबालिकामाथि हुने हिंसा हुने क्रम रोकिन सकिरहेको छैन । महिला हिंसा पीडितहरूले आफू अन्यायमा परी न्यायको माग गर्दासमेत समयमै न्याय नपाउने, जर्बजस्ती रूपमा सुरक्षा निकायले मिलापत्र गरिदिने, डर, धाक धम्की, प्रलोभन देखाई गाउँमै मिलापत्र गरिदिने गलत परम्पराले गर्दा अझै पनि वास्तविक रूपमा महिला हिंसाका घटनाहरू सार्वजनिक हुन सकिरहेका छैनन् र पीडकहरूले न्यायको प्रत्याभूत गर्न सकिरहेका छैनन् । देशमा राजनीतिक स्थायित्व सँगसँगै नेपालले महिला हक, अधिकार र मानव अधिकारको संरक्षण संवर्धन गर्दै संविधानले सबै किसिमका विभेदसहित लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प पूरा गर्नुपर्ने राज्यको दायित्व हो । नेपाल प्रहरीको तथ्याङ्कमा अघिल्लो आर्थिक वर्षमा बलात्कारको दुई हजारभन्दा बढी घटना र घरेलु हिंसाका ११ हजारभन्दा बढी घटना दर्ता भएको देखिन्छ ।

नेपालमा वि. सं २०२१ को मुलुकी ऐन खारेज गरी मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिता कार्यान्वयनमा आएको छ । यस संहिताका थुप्रै प्रावधानमा महिलाको हक अधिकारका पक्षमा छन् । अहिले सो आचारसंहिता कार्यान्वयन भइसकेको छ तर वास्तविक पीडकहरूले समेत न्याय पाउन सकिरहेको देखिँदैन । महिलाविरुद्ध हुने हिंसाको कुनै न कुनै तवरबाट घटना सार्वजनिक हुनु पर्छ र घटनाका दोषीलाई कानुनी कठघरामा उभ्याउनै पर्छ तर यो अभियान कसैको नैतिक आचरण, रिसइवी साट्ने कार्यमा मात्रै प्रयोग हनु कदापि हुँदैन । महिलाविरुद्ध हुने सबै किसिमका हिंसाप्रति सरकारले शून्य सहनशीलताको नीति अवलम्बन गर्दै लैङ्गिक हिंसाको अपराधमा संलग्न हुने जोसुकैलाई कानुनबमोजिम कडा सजाय दिन सरकार दृढ रहेको, मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिताको प्रभावकारी कार्यान्वयनले सबै प्रकारका हिंसा अन्त्यका लागि नेपाल सरकारले लिएको लक्ष्यलाई सबैले होस्टेमा हैसे गर्दै अघि बढ्नुपर्ने आवश्यकता छ । अहिले पनि हाम्रो समाजमा बोक्सीको आरोपमा कुटपिट, सामाजिक बहिष्कार, गाउँ निकाला, मलमूत्र खुवाउने, शारीरिक तथा मानसिक यातना दिई गाली बेइज्जत गर्ने, छाउपडी राख्ने, देउकी, झुमा, वादी, जारी प्रथाका कारण अझै महिला हिंसा भोग्न बाध्य पारिएका छन् ।

लैङ्गिक हिंसाविरुद्धको अभियान चली नै रहँदा महिलाविरुद्ध घरेलु हिंसा निम्त्याउने प्रमुख कारणको अन्त्यका लागि सबैले एकजुट भएर पहल गर्नु पर्छ। महिलालाई शैक्षिक र आर्थिक रूपमा सक्षम बनाउनु पर्छ । महिलासँग सम्बन्धित समस्यामा घरेलु हिंसा र चेलिबेटी बेचबिखन, शैक्षिक, आर्थिक, राजनीतिक, शारीरिक, कानुनी, आमसञ्चार माध्यम, धार्मिक समस्या, पारिवारिक समस्या र अन्य विविध समस्या समाधानतर्फ अघि बढ्नु पर्छ । महिलाविरुद्ध भेदभावपूर्ण कानुनहरू, विद्यमान संयन्त्रको प्रयोग नहुनु, सीमित क्षेत्रमा मात्र विशेष व्यवस्था, समानताको सिद्धान्तको अवधारणागत स्पष्टताको अभाव र निर्णयक तहमा न्यून महिला सहभागिता नै नेपाली महिलाको समस्या हुन् । महिलाविरुद्ध हुने हिंसाको अन्त्यका लागि महिलालाई सक्षम स्वावलम्बी बनाउनु पर्छ र यसका लागि सरकारले विशेष किसिमको नीति निर्माण गर्नु पर्छ ।

साथै महिलाहरू आफू स्वयम् सक्षम, जागरुक र शिक्षित हुनु पर्छ । महिलालाई उचित शिक्षा र कानुनी उपचारको व्यवस्था गरिनु पर्छ, योग्यता तथा दक्षता भएका महिलाहरूका लागि राज्यले विशेष अवसर प्रदान गर्नु पर्छ, राज्यले विभेदकारी कानुनलाई अन्त्य गर्दै समानतामा आधारित कानुन निर्माण गर्नु पर्छ । परस्परमा बाझिने कानुनलाई अविलम्ब संशोधन गर्नु पर्छ । महिलाहरूको क्षमता अभिवृद्धि, दक्षतावृद्धि आदि कार्यक्रमको निर्माण गरी गाउँदेखि केन्द्रसम्म लागु गर्नु पर्छ ।

जनस्वास्थ्यमा महत्वपूर्ण फड्को

• सुदर्शन पौडेल

नेपालले मातृ तथा शिशु स्वास्थ्यलगायत जनस्वास्थ्यका अन्य विविध क्षेत्रमा जे जस्तो प्रगति गरेको छ, त्यसको ठुलो श्रेय सामुदायिक (महिला) स्वास्थ्य कार्यकर्तालाई जान्छ । नेपालमा करिब ५२ हजारको हाराहारीमा रहेका सामुदायिक स्वास्थ्य कार्यकर्ताले राष्ट्रिय स्वास्थ्य प्रणालीका करिब दुई दर्जन जनस्वास्थ्य कार्यक्रमलाई समुदायका लक्षित व्यक्ति र परिवारमा पुऱ्याउन मदत गरिरहेका छन् । विगत करिब साढे तीन दशकको अवधिमा महिला सामुदायिक स्वास्थ्य कार्यकर्ताले स्वयम्सेवाको भावले जनस्वास्थ्यको प्रवर्धन गर्न पुऱ्याएको योगदान ठुलो छ ।

सन् २०१९ मा फैलिएको कोभिड महामारीले नेपालमा पनि करिब ४० हजारको ज्यान जान सक्ने प्रारम्भिक सर्वेक्षणले देखाएको थियो । उक्त सर्वेका आधारमा सरकार भयभीत भई उपचारात्मक सेवातर्फ बढी उत्प्रेरित भयो । समुदाय लक्षित जनस्वास्थ्यका प्रभावकारी कार्यक्रममा निकै कम ध्यान दियो । स्थिति सोचेजस्तो विकराल भएन । त्यसको कारण हाम्रो समाजमा विद्यमान सौहार्दता, स्वयम्सेवी भावनाले ओतप्रोत नागरिक चेत हुन सक्छ । रोगव्याधिको समस्या होस् या प्राकृतिक वा मानवसिर्जित विपत्ति हाम्रो समाजले एकअर्कालाई निःस्वार्थ सहयोग गर्ने संस्कारका कारण हजारौँ लाखौँ मानिसको गुणस्तरीय जीवन यापनदेखि गम्भीर स्वास्थ्य जोखिमबाट बचाउन सफल भएका छन् । त्यसबापत बचत भएको आर्थिक स्रोतसाधनलाई विकासका अन्य आवश्यकीय क्षेत्रमा लगानी बढाई गरिबी निवारणमा योगदान पुग्छ ।

विश्वव्यापी रूपमा सामुदायिक (स्वयम्सेवी) स्वास्थ्य कार्यकर्ता राख्ने वा नराख्ने विषयको छलफल हुने गरेको छ । नेपालले पनि सहरी क्षेत्रका सामुदायिक महिला स्वास्थ्य कार्यकर्ता उमेरको कारण निवृत्त भएपछि उक्त स्थानमा नयाँ नियुक्त नगर्ने नीति अवलम्बन गरेको छ । ग्रामीण क्षेत्रका त्यस्ता कार्यकर्ताको हकमा भने अहिले नहटाउने भनिएको भए पनि राज्यले उनीहरूको क्षमता अभिवृद्धि गर्ने तालिम, सन्दर्भ सामग्री तयार गर्ने र अध्ययन अनुसन्धान कम हुने गरेको छ ।

नयाँ स्वास्थ्य संस्था थप्ने, डाक्टर र पारामेडिक्सको उत्पादन र पदस्थापनमा बढी ध्यान दिएको देख्दा स्वास्थ्यको सर्वव्यापी पहुँचको नारा पूरा गर्न चिकित्सा सेवा मात्र भए पुग्नेतर्फ राज्यको बुझाइ रहेका हुन सक्छ । जबकि एउटा दक्ष चिकित्सकले एउटा घटना वा एक स्वास्थ्य समस्याको निदान र उपचार गर्छ भने सामुदायिक स्वास्थ्य कार्यकर्ताले मानिसलाई बिरामी नै नपर्नेतर्फ दीर्घकालीन महत्वका काम गर्छन् । नेपालले मातृशिशु स्वास्थ्यमा हाल प्राप्त गरेको सफलता त्यसको उदाहरण हो भने परिवार नियोजन, पोषण प्रवर्धन, वृद्ध नागरिक लक्षित स्वास्थ्य सेवा, हिंसापीडित लक्षित सेवा, सर्ने तथा नसर्ने रोगको उपचार र व्यवस्थापनलगायत करिब दुई दर्जनभन्दा बढी जनस्वास्थ्यका महत्वपूर्ण कार्यक्रम यिनै सामुदायिक स्वास्थ्य कार्यकर्ताको समेत सहयोगमा सञ्चालन गर्न सकिने उदाहरण विभिन्न देशले स्थापित गरेका छन् ।

त्यसो त विश्व स्वास्थ्य सङ्गठनको कार्यक्रमका रूपमा नेपाललगायत विकासोन्मुख देशले अत्यन्त महत्वका साथ अघि बढाएको सामुदायिक (महिला) सुरक्षित प्रसूतिकर्मी कार्यक्रमले मातृ शिशुको जीवन रक्षा गर्न आशातीत प्रभावकारी नभएको भनी खारेज गरियो । उसो नेपाललगायत विश्वका कतिपय देशमा परम्परागत प्रसूतिकर्मीले पेशागत रूपमा घरमा हुने सुत्केरीलाई सघाउनेदेखि उनीहरूको स्याहार गर्दै आएका थिए । पछि तिनै र थप महिलालाई छनोट गरी निरन्तरको तालिम पछि दक्ष प्रसूतिकर्मी तयार पारिएको थियो । केही अपवाद छोडेर त्यस्ता सामुदायिक प्रसूतिकर्मीले सुरक्षित मातृत्व र शिशु स्याहारसम्बन्धी करिब दुई दर्जन सीप हासिल गरी दुर्गमका गाउँ बस्तीमा सेवा पुऱ्याउँदै आएका थिए ।

नेपालमा यो कार्यक्रमलाई थप व्यवस्थित गरी सञ्चालन गर्नुपर्नेमा केही सीमित अध्ययनको नतिजालाई आधार मानेर छोटो अवधिमा रोकियो । आज पनि गाउँघरमा तिनै विगतका प्रसूतिकर्मीले यसै सीपलाई जीवन निर्वाहको माध्यम बनाएको पाइन्छ ।

समाजका गरिब, सामाजिक मर्यादामा कमजोर अवस्थाका (प्रायः महिला) मानिस सामुदायिक (स्वास्थ्य) कार्यकर्ताका रूपमा कार्यरत भएको पाइन्छ । सामाजिक हैसियतका कारण उनीहरूले गरेका पुनित कार्यको पनि सही मूल्यांकन पनि नभएको र त्यसबापत पाउनु पर्ने आर्थिक तथा अन्य सामाजिक लाभबाट वञ्चित रहेका र आधुनिक प्रविधिका औजार जस्तै मोबाइल फोन, शिक्षण सिकाइका स्रोत सामग्रीको पहुँचमा कमी, बदलिँदो समय अनुसार प्रवाह गर्नुपर्ने सेवाको तालिम तथा अभिमुखीकरणबाट समेत वञ्चित छन् ।

वि. सं २०७७ मंसिर १४ गते नेपाल सरकारले अस्पताल नभएका स्थानीय तहमा ५, १० र १५ शय्याका आधारभूत अस्पतालको एक साथ शिलान्यास गरेको थियो । दुई वर्षमा बनाईसक्ने लक्ष्य राखिएको उक्त योजनाका लागि ५८ अर्ब लाग्ने अनुमान गरिएको थियो । बिनातयारी लोकरिझ्याइँका लागि ल्याइएको उक्त कार्यक्रम असफल भयो । त्यसको सट्टामा बरु हरेक पालिकालाई उनीहरूको स्वास्थ्यको समस्या पहिचान गरी जनस्वास्थ्यका प्रतीकात्मक, प्रवर्धनात्मकका साथै हाल सञ्चालनमा रहेका स्वास्थ्य चौकीको सेवालाई बढी प्रभावकारी बनाउनेतर्फ लक्षित कार्यक्रम ल्याउन सकेको भए सबै पालिकालाई अस्पतालको आवश्यकता पनि पर्ने थिएन ।

अर्कोतर्फ सबै स्थानमा चिकित्सा सेवाको विकास र विस्तार गर्न जे जस्तो आर्थिक तथा व्यवस्थापकीय जटिलता पर्छ, त्यसको निकै कम लगानीमा जनस्वास्थ्यका गतिविधि सञ्चालन गर्न सकिन्छ । यसको इतिहास अध्ययन गऱ्यो भने यस तथ्यलाई बुझ्न सकिन्छ । राज्य सञ्चालित सामुदायिक स्वास्थ्य कार्यक्रमको प्रादुर्भाव सन् १८०० ताका सोभियत सोसलिस्ट रुसबाट भएको मानिन्छ । त्यस अवस्थामा छरिएका बस्ती, दक्ष स्वास्थ्यकर्मीको कमी जस्ता समस्याका कारण आममानिसलाई आधार भूत सेवा प्रदान गर्न कठिनाइ भएको हुँदा त्यस्ता दुर्गम बस्तीका सामुदायिक स्वास्थ्य कार्यकर्ता भई काम गर्न इच्छुक मानिसलाई तालिम दिन थालिएको थियो । रसियाको सिको गर्दै त्यस्तै प्रकृतिको जनशक्तिलाई ग्रामीण क्षेत्रमा खटाउने नीति चीनले सन् १९२० ताकादेखि अवलम्बन गऱ्यो । चीनले यस्तो जनशक्ति (जसलाई वियरफुटेड डाक्टर पनि भनिन्छ) निकै ठुलो संख्यामा तयार पारी सुरुमा तीन महिना र पछि छोटो पुनर्ताजगी तालिम दिएर देशैभरि परिचालन गऱ्यो । राज्यले अति महत्व दिएको कार्यक्रम भएको हुँदा यो कार्यक्रम सफल भयो । फलस्वरूप अस्पताल र आधुनिक चिकित्साकर्मीको संख्या सीमित हुँदासमेत मानिसको बिरामी हुने वा अकालमा मृत्युको दर निकै कम भयो ।

सन् १९६० को दशकमा ल्याटिन अमेरिकाका देशले समेत सामुदायिक स्वास्थ्य कार्यकर्ताको सेवा सुरु गरे । तत्कालीन अवस्थामा विश्वव्यापी रूपमा दक्ष चिकित्सक, नर्सलगायत अन्य विविध विद्याका स्वास्थ्यकर्मीको उपलब्ध सीमित भएको अवस्थामा सामुदायिक स्वास्थ्य कार्यकर्ताको माध्यमबाट उक्त लक्ष्य प्राप्ति गर्न ठुलो योगदान हुने उल्लेख गरियो । विश्वव्यापी लक्ष्य प्राप्तिका देशले नयाँ परीक्षण गर्दै गए । त्यसै क्रममा नेपाल, भारतदेखि ल्याटिन अमेरिका, अफ्रिकाका देशले परम्परागत सीप र केही आधुनिक ज्ञानसहितका स्थानीय जनशक्ति तयार पारी जनस्वास्थ्य क्रियाकलापको प्रवर्धनमा लगाए र त्यसको राम्रो प्रभाव पनि पऱ्यो ।

सन् १९८० को नेपालको महिला सामुदायिक स्वास्थ्य कार्यकर्ता कार्यक्रम, १९९२ मा पाकिस्तानले ल्याएको हेडी हेल्थ वर्कर कार्यक्रम, सन् २००५ मा भारतमा ग्रामीण स्वास्थ्य अभियान सञ्चालनका लागि खडा गरिएको आठ लाख स्वास्थ्य कार्यकर्ता (आशा) यिनै विश्व परिवेशको सिको थियो ।

सन् १९८० को दशकदेखि हरेक प्राथमिक स्वास्थ्य सेवा विस्तारको क्रममा धेरै देश स्वास्थ्य सेवाको विस्तारित सञ्जाल बनाउने क्रममा थिए । उक्त कार्यमा विश्व स्वास्थ्य सङ्गठन, विश्व बैंक आदि संस्थाले सघाएका पनि थिए । तत्कालीन अवस्थामा उच्च दक्ष जनशक्ति उत्पादन गर्न सम्भव नभएको हुँदा १५ महिने आधारभूत तालिमसहितको सामुदायिक स्वास्थ्य कार्यकर्ता तयार गर्न थालियो । उनीहरूलाई सहयोग गर्न स्थानीय स्तरमा स्वयम्सेवी कार्यकर्तासमेत तयारी गर्न थालियो । यो कार्यक्रम नेपालमा सफल पनि भयो तर त्यसको केही समयपश्चात् सहयोगी संस्थाले त्यस्तो जनशक्ति उत्पादन र क्षमता अभिवृद्धिमा गर्दै आएको लगानी रोक्ने रोक्ने नीति लिए । त्यसका लागि दुई वटा कारण दिइएको थियो, पहिलो यो कार्यक्रमले जनस्वास्थ्यमा थप प्रभावकारी सुधार ल्याउन सक्दैन । अर्को सामुदायिक कार्यकर्ता भनिए पनि तिनको सञ्चालन र व्यवस्थापनमा निकै खर्च लाग्ने भएकाले दक्ष जनशक्ति उत्पादनका लागि खर्च जुटाउन कठिनाइ भयो । त्यसको प्रत्यक्ष असर विकासोन्मुख देशमा क्रमिक रूपमा मातृशिशुलगायतका स्वास्थ्य कार्यकर्ताको विस्तार क्रम रोकियो । त्यसैको प्रभावमा नेपाललगायतका कैयौँ देशमा दक्ष प्रसूतिकर्ता (तालिम प्राप्त सुडेनी) कार्यक्रम रोकियो भने अरू नेपाल सरकारले आफ्नै बलबुतामा सञ्चालनमा रहेका कार्यक्रमको क्षमता अभिवृद्धिलगायत सुपरीवेक्षण र मूल्याङ्कन जस्ता क्रियाकलापमा पनि शिथिलता आयो ।

देशभरि फैलिएको सामुदायिक स्वास्थ्य कार्यकर्ता कार्यक्रम नेपालको स्वास्थ्यको अवस्था सुधारका लागि ठुलो सम्भावनाको क्षेत्र हो । यिनीहरूको प्रभावकारी परिचालनका लागि समयसापेक्ष कार्यकर्ताको पहिचान र छनोट, क्षमता अभिवृद्धि तालिम, कार्यक्रमसँग सम्बद्ध स्रोत सामग्रीको उपलब्धता, राज्यका सामाजिक गतिविधिमा उनीहरूको आबद्धतालाई सुनिश्चित गर्न सके हाल देखा परेका उच्च संक्रामक, नसर्ने रोगदेखि मानसिक समस्याको प्रारम्भिक चरणमा त्यसको व्यवस्थापनमा ठुलो योगदान दिन सक्छन् ।

शनिश्चरेमा लैङ्गिक हिंसा बिषयक अन्तरक्रिया

अर्जुनधारा(प्रस) । अर्जुनधारा नगरपालिकाको शनिश्चरेमा लैङ्गिक हिंसा एवम् मानव अधिकारको अवस्था बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत उक्त कार्यक्रम गरिएको हो ।

सम्बोधन महिला सरोकार केन्द्र झापाको आयोजना, इलाका प्रहरी कार्यालय बिर्तामोडको सहजीकरण तथा शनिश्चरे प्रहरी चौकीको सहकार्यमा बिहीवार अन्तरक्रिया कार्यक्रम भएको हो ।

सरोकार केन्द्रकी अध्यक्ष लक्ष्मी न्यौपाने सरुको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रममा संविधानसभा सदस्य तथा पूर्व स्वास्थ्य राज्यमन्त्री धर्मशीला चापागाईको प्रमुख आतिथ्य रहेको थियो ।

विद्यार्थी प्रमिला रामदामले स्वागत गरेको कार्यक्रममा लैङ्गिक हिंसा तथा मानव अधिकारको अवस्थाबारे इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी सुरज कार्कीले सहजीकरण गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि चापागाई, जेष्ठ नागरिक मञ्चका सचिव शेखर अधिकारी, अर्जुनधारा-८ की वडा सदस्य सरु बुढाथोकी, शनिश्चरे बहुमुखी क्याम्पसका प्रमुख मोहनप्रसाद ओली, राष्ट्रिय स्वतन्त्र विद्यार्थी संगठनका सचिव गगन चापागाई, इन्सेक प्रतिनिधि नरेश खातीलगायतले लैङ्गिक हिंसा तथा मानव अधिकारको बारेमा आ-आफ्ना भनाई राखेका थिए । कार्यक्रमको सञ्चालन महिला मजदुर जागरण केन्द्रकी अध्यक्ष सीता सापकोटा सन्ध्याले गरेकी थिइन् ।

कोशीटप्पुमा बढ्दै पर्यटक

झापा(प्रस)। चराको राजधानी कोशीटप्पु वन्यजन्तु आरक्षमा आन्तरिक तथा बाह्य पर्यटक आउन थालेका छन् । विगतका वर्षभन्दा यस वर्ष सुरुवाती

चरणमै आन्तरिक र बाह्य पर्यटकको आगमन सुरु भएको हो । हिउँद लागेसँगै कोशीटप्पु वन्यजन्तु आरक्षमा घुम्न आउने आन्तरिक र बाह्य पर्यटकको संख्या दैनिक वृद्धि हुँदै गएको कोशीटप्पु वन्यजन्तु कार्यालयका सहायक संरक्षक अधिकृत विनयकुमार मिश्रले बताए । उनले भने, "हिउँदमा बढी मात्रामा आन्तरिक पर्यटक कोशीटप्पु आरक्ष घुम्न आउने गरेका छन् । विद्यार्थी शैक्षिक अवलोकनका लागि आउँछन् ।"चरा, अर्ना, गैंडा, हात्ती हेर्न पर्यटकको वृद्धि भएको आरक्ष कार्यालयले जनाएको छ । आरक्ष कार्यालयको अभिलेख अनुसार दैनिक करिब एक सय आन्तरिक पर्यटक आरक्ष घुम्न आउने गरेका छन् ।

'पोइजन सूचना केन्द्र' को उद्घाटन

झापा(प्रस)। त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको क्लिनिकल फर्माकोलोजी विभागले 'पोइजन इन्फरमेसन सेन्टर' सञ्चालनमा ल्याएको छ । विष सेवन गरेकाहरुको उपचारलाई प्रभावकारी बनाउन र मृत्युदर कम गर्ने उद्देश्यले सेन्टरको स्थापना गरिएको हो । बिहीबार शिक्षण अस्पतालमा आयोजित कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेतले 'पोइजन इन्फरमेसन सेन्टर' (बिष सूचना केन्द्र)को उद्घाटन गरेका हुन् । देशका सात सय ५३ पालिकाका स्वास्थ्य केन्द्र बनाउने उद्देश्यका साथ बिगतमा एकै साथ शिलान्यास गरिए पनि त्यसका लागि आवश्यक पर्ने जनशक्ति र उपकरणका विषयमा नसोचेकाले अहिले जनशक्तिको समस्या देखिएको मन्त्री बस्नेतले बताए।

राष्ट्रिय सभाको निर्वाचनमा राप्रपा सहभागी हुने

झापा(प्रस) । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले आसन्न राष्ट्रिय सभाको निर्वाचनमा सहभागी हुने र त्यसबारे अन्य दलहरुसँग समेत सहकार्यको ढोका खुला राख्ने निर्णय गरेको छ । बिहीबार पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले माघ ११ गते हुने राष्ट्रिय सभाको निर्वाचनमा पार्टीले सहभागिता जनाउने र निर्वाचनमा अन्य दलहरुसँग सहकार्य गर्ने विषयमा समेत खुला रहने निर्णय गरेको हो । बैठकले अन्य दलसँग आवश्यक सहयोग जुटाउन संवाद र सहजीकरणका लागि वरिष्ठ नेता उपाध्यक्ष बुद्धिमान तामाङलाई जिम्मेवारी दिएको छ । बैठकले पार्टीको नियमावली-२०८० लाई विधान मस्यौदा समितिमा पठाइ रायसहित केन्द्रीय कार्यसमितिको बैठकमा पेस गर्ने निर्णय गरेको प्रवक्ता मोहनकुमार श्रेष्ठले बताए । उनका अनुसार बैठकले आगामी पुस २७ गते पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसलाई केन्द्रीय तहसहित पार्टीको सबै तहमा उत्सवका रुपमा मनाउने निर्णय गरेको छ ।

त्यस्तै, बैठकले इलाममा हुने प्रतिनिधिसभाको उपनिर्वाचनमा पार्टीको तर्फबाट आवश्यक तयारी, समन्वय र सहजीकरण गर्न पार्टीका उपाध्यक्ष हेमजङ गुरुङलाई जिम्मेवारी दिने निर्णय गरेको छ ।

राप्रपाको केन्द्रीय कार्यसमितिको बैठक आगामी पुस १, २ र ३ गते काठमाडौँमा बस्ने कार्यतालिका छ ।

इलाममा जग्गा माग गर्दै १६ हजार निवेदन

फिक्कल(प्रस) । राष्ट्रिय भूमि आयोग इलाम शाखा कार्यालयमा १६ हजार ६ सय २२ जनाले जग्गा प्राप्तिका लागि निवेदन दिएका छन् । भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण गर्ने प्रक्रिया चलिरहँदा मंसिर २० सम्ममा आठ पालिकाबाट सो संख्यामा निवेदन प्राप्त भएको आयोगको शाखा कार्यालयका अध्यक्ष भक्त केसीले बताए । उनका अनुसार केहीलाई जग्गाको धनीपुर्जा नै वितरण गरिएको छ भने बाँकीलाई जग्गाको निस्सा वितरण गरिँदैछ । देउमाई नगरपालिका र चुलाचुली गाउँपालिकाको विवरण आउन बाँकी छ । तर चुलाचुलीमा चाहिँ यसअघि ४१ जनालाई धनीपुर्जा वितरण गरिसकिएको थियो ।

माङ्सेबुङ गाउँपालिकामा दुई हजार पाँच सय ३६ जनालाई जग्गाको निस्सा वितरण गरिएको छ । अन्य पालिकामा पनि निस्सा वितरणको क्रम सुरु हुँदै गरेको र केही पालिकाबाट विवरण आउन बाँकी रहेको

उनले बताए ।

सबै विवरण आइसक्दा इलाममा भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको संख्या २० हजार हाराहारी पुग्ने अनुमान गरिएको छ । कार्यालयको विवरणअनुसार सूर्योदयबाट दुई हजार एक सय ३१, रोङबाट एक हजार आठ सय ५६, माङ्सेबुङबाट दुई हजार पाँच सय ३६, माइजोगमाईबाट एक सय ८६, इलाम नगरबाट एक हजार आठ सय १६, सन्दकपुरबाट पाँच सय ८५, माईबाट सात हजार एक सय ५४, फाकफोथुमबाट तीन सय ५८ निवेदन आयोगमा आएका छन् ।

चुलाचुलीबाट थप र देउमाइको विवरण आउनेक्रममा रहेको जिल्ला समन्वय समितिका सूचना अधिकारी कुमार निरौलाले जानकारी दिए । जग्गाको निस्सा वितरण गरिएपछि उनीहरूको जग्गा नापजाँच गरिने आयोगले जनाएको छ । आयोगका अनुसार भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई सहरी क्षेत्र भए चार आना, सहरोन्मुख भए १० आना र गाउँमा भए पाँच रोपनी जमिन वितरण गरिन्छ ।

तर, आफ्नो नाममा जग्गा नभए पनि किन्न सक्ने आर्थिक अवस्था भएकालाई भने सुकुमबासीको परिभाषाभित्र नराखिएको आयोगले जनाएको छ ।

अव्यवस्थित बसोबासीले भने केही राजस्व तिरेपछि मात्र जग्गा पाउनेछन् । अव्यवस्थित बसोबासीको हकमा १० वर्षदेखि निरन्तर बसोबास गरेको भए १९ रोपनीसम्म जग्गा दिने प्रावधान छ ।

हात्तीले क्षति गर्यो तीन विगाहको सुठुनी

झापा(प्रस)।जंगली हात्तीले झापाको बाह्रदशीमा तीन विगाह खेतको सुठुनी खाएर क्षति गरेको छ । बिहीवार बिहान ३ बजेको समयमा चारकोसे जंगलबाट ८ वटा जंगली हाती आई बाह्रदशी- १ सिप्ताबारी बस्ने कमलेश गणेश र करण गिरीले संयुक्त रुपमा ३ बिगाह जग्गामा लगाएको सुठुनी खाएर

क्षति गरेको हो । दिउँसो ३ बजेको समयमा ईलाका प्रहरी कार्यालय राजगढमा जानकारी प्राप्त भएपछि प्रहरी टोलीले गएर हेर्दा तीन विगाह जग्गामा लगाएको सुठुनी अन्दाजी ५० क्वीन्टल खाई २ दुई लाख बराबरको क्षति गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

बिर्तामोड किरात गोल्डकपको फाइनलमा

बिर्तामोड(प्रस) । उत्कृष्ट कमब्याक गर्दै झापाको बिर्तामोड युनाइटेड क्लब फिदिममा जारी प्रथम किरात गोल्डकपको फाइनलमा प्रवेश गरेको छ ।

फिदिम माविको खेलमैदानमा बिहीवार भएको अन्तिम सेमिफाइनल खेलमा ताप्लेजुङको कर्णसिं सोनाम स्मृति क्लबलाई २-१ गोलअन्तरले पराजित गर्दै बिर्तामोडले फाइनलमा स्थान सुरक्षित गरेको हो ।

१-० गोलले पछि परेको अवस्थालाई उल्टाउँदै बिर्तामोडले बाजी मारेको हो । ताप्लेजुङका लागि खेलको ७ मिनेटमै दिपेश लिम्बूले गोल गरेर अग्रता दिलाएका थिए । तर, ताप्लेजुङको अग्रता पहिलो हाफसम्म पनि टिक्न सकेन ।

पहिलो हाफकै ३१औँ मिनेटमा बिर्तामोडका

लागि रोमन भुजेलले गोल गरेर टिमलाई खेलमा फर्काए । उनले पेनाल्टीमार्फत गोल गरेर १-१ गोलको बराबरीमा ल्याए ।

यस्तै, पहिलो हाफकै इन्जुरी समयमा प्रदिप बुढाथोकीले गोल गर्दै अग्रता दोब्बर बनाए । दोस्रो हाफमा दुवै टोलीले थुप्रै गोल गर्ने अवसर खेर फ्याँकेका थिए । रोमाञ्चक खेलको म्यान अफ दी म्याच बिर्तामोडका प्रदिप बुढाथोकी भए । उनले नगद ५ हजार पाए ।

बुधवार भएको पहिलो सेमिफाइनल खेलमा आयोजक पाँचथर एफसीलाई पराजित गर्दै मोरङको डाँगीहाट एफसी फाइनलमा प्रवेश गरिसकेको छ । फाइनल खेल मंसिर २३ गते हुनेछ ।

प्रतियोगिताको विजेताले नगद ४ लाख ४ हजार ४४४ र उपविजेता टोलीले नगद २ लाख २ हजार २२२ रुपैयाँसहित आकर्षक ट्रफी पाउने छ । विधागत पुरस्कारतर्फ १० हजार र सर्वोत्कृष्ट बन्ने खेलाडीले नगद २५ हजार पाउने आयोजकले जनाएको छ ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५१२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिष्टिम आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

वृष आज शुभ कार्यको चर्चा चल्नेछ । आफन्तबाट साथ र सहयोग पाइनेछ ।

मिथुन आज अरूको भरले मात्र उद्देश्य पूरा नहुन सक्छ । कामको गति पनि सुस्त हुनेछ ।

कर्कट आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।

सिंह लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ ।

कन्या सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । नयाँ कार्यको योजना बन्नेछ ।

तुला आज पढाइमा बाधा आउनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

वृश्चिक आज विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । रचनात्मक काममा जुट्ने समय छ ।

धनु आज शुभकार्यको चर्चा चल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ ।

मकर आज शुभकार्यको चर्चा चल्नेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

कुम्भ आज राम्रो नतिजा हातपार्न काम दोहोर्याउनुपर्छ ।

मिन आज मनोरञ्जनमा सहभागी भइएला । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।